कृषि तथा वन विज्ञान विश्वविद्यालय
वन विज्ञान संकाय
डीनको कार्यालय
हेटौडा, मकवानपुर, नेपाल

फोनः ०५७-५२३२४८/५२४१५४/५२७३५४
फ्याक्सः ०५७-५२३२४८

च.नं.: /०७५/०७६

मिति: २०७५/०६/२५

# एम.एस्सी. फरेष्ट्रीमा विद्यार्थी भर्ना सम्वन्धि सूचना

शैक्षिक वर्ष २०७५/०७६ को लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय, हेटौडा, मकवानपुरमा सञ्चालन हुने वन विज्ञान (M.Sc. Forestry) स्नातकोत्तर तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्बन्धि कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले आवेदन Online बाट मात्र भर्न सक्नेछन् र त्यसको साथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, बैङ्क भौचर, नागरिकता र हालसालै खिचेको पासपोर्ट साइजको फोटो संलग्न गर्नु पर्नेछ । साथै, अन्य विश्वविद्यालय वा संस्थाबाट स्नातक तह उत्तीर्ण गर्ने आवेदकहरुले समान स्तर निर्धारणको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :** बि.एस्सी.(वन विज्ञान) तह कम्तिमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्नेछ।

२. आवेदन भर्ने प्रकृया Online रहनेछ र त्यसका लागि यस विश्वविद्यालयको वेबसाईट www.afu.edu.np मा गई भर्न सकिनेछ ।

३. **आवेदन दिने मिति र समय :** आवेदन प्रकृया २०७५ साल आश्विन २६ गते देखि २०७५ साल कार्तिक २५ गते राती १२:०० बजेसम्म www.afu.edu.np मा log in गरि Online फाराम भर्न सकिनेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा online@afu.edu.np मा सम्पर्क गरि प्राविधिक सहयोग लिन सकिनेछ । रीतपूर्वक तथा पूर्ण रुपले नभरिएको online आवेदन उपर कुनै कारवाही गरिने छैन ।

४. **आवेदन तथा प्रवेश परीक्षा शुल्क :** आवेदन तथा प्रवेश परीक्षा शुल्क बापत रु.३,०००।०० (तीन हजार रुपैंया मात्र) लाग्ने छ । उक्त शुल्क **राष्ट्रिय बाणिज्य बैंक**को कुनै पनि शाखाबाट **"FACULTY OF FORESTRY"** नाममा चल्ति खाता नं. **130000329601** मा रकम जम्मा गरि बैङ्क भौउचर प्राप्त गर्न सकिनेछ । राष्ट्रिय बाणिज्य बैङ्क बाहेक अन्य बैङ्कबाट उक्त खातामा रकम जम्मा गर्दा लाग्ने अन्तर बैंकिङ्ग शुल्क आवेदकले नै थप गरि बुझाउनु पर्नेछ । रीतपूर्वक नपठाइएको वा कुनै अन्य कारणले आवेदन रद्द भएको अवस्थामा उपरोक्त शुल्क फिर्ता हुने छैन।

५. **प्रवेश पत्र बितरण मिति, समय र स्थान :** प्रवेश परीक्षाको प्रवेश पत्र २०७५ साल कार्तिक २९ गते बिहीबार बिहान १०:०० बजेदेखि २०७५ साल कार्तिक ३० गते शुक्रबार विहान ९:०० बजेसम्म मात्र वन विज्ञान संकाय, हेटौडाबाट बितरण गरिनेछ । प्रवेश पत्र बुझ्न आउँदा आवेदकले आफ्नो सक्कल नागरिकता, सक्कल बैंक भौचर र Online आवेदन सम्पन्न गरे पश्चात प्राप्त गरेको Confirmation Page लिई स्वयं उपस्थित हुनुपर्नेछ । सम्बन्धित परीक्षार्थीको यकिन गरि तथा सक्कल बैंक भौचर र Confirmation Page बुझि मात्र निजलाई प्रवेश पत्र प्रदान गरिनेछ ।

६. **प्रवेश परीक्षा मिति, समय र स्थान :** २०७५ साल कार्तिक ३० गते शुक्रबार विहान ११:०० बजे वन विज्ञान संकाय, हेटौडामा सञ्चालन गरिनेछ ।

७. **भर्नाको आधार :** प्रवेश परीक्षालाई ९० प्रतिशत र स्नातक तहमा प्राप्त गरेको प्राप्त अंकलाई १० प्रतिशत भार दिई तयार पारिएको Merit List अनुसार स्नातकोत्तर तहमा भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । प्रवेश परीक्षामा ९० प्रश्नहरु हुनेछन्, जसको लागि ७० मिनेट समय दिइनेछ । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ ।

इमेल : deanforestry@afu.edu.np
वेब साईट : www.afu.edu.np

कृषि तथा वन विज्ञान विश्वविद्यालय
**वन विज्ञान संकाय**
**डीनको कार्यालय**
हेटौडा, मकवानपुर, नेपाल

फोनः ०५७-५२३२४८/५२४१५४/५२०३५४
फ्याक्सः ०५७-५२३२४८

च.नं.: /०७५/०७६

८. **भर्ना कोटा विवरण :**

एम.एस्सी. फरेष्ट्री तहमा निम्नानुसारको विद्यार्थी भर्ना लिईनेछ । कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय बीच MOU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु Sponsored Student कोटामा समावेश गरि निरन्तरता दिईनेछ । साथै स्टाफ कोटाको स्थान रिक्त भएमा Sponsored Student कोटा सरह रुपान्तरण गरी योग्यताक्रमानुसार अर्को विद्यार्थी भर्ना गरिनेछ ।

| क.सं. | किसिम | सीट संख्या |
|---|---|---|
| (क) | Subsidized Student | ४ |
| (ख) | Full Pay Student | २९ |
| (ग) | Staff Seat (Full Pay) | १ |
| (घ) | Ministry of Forest & Environment (Sponsored Student) | ३ |
| (ङ) | Sponsored Nepalese Student | १ |

मेरीटको आधारमा विद्यार्थी भर्ना निर्धारण गरिएकोले भर्ना रद्द गरी स्थान रिक्त भएमा प्रवेश परीक्षामा उत्तीर्णको योग्यताक्रमानुसार अर्को विद्यार्थी भर्ना गरिनेछ ।

९. **परीक्षाफल प्रकाशन :** २०७५ साल मंसिर ०१ गते शनिबार परीक्षाफल प्रकाशन गरिनेछ र उक्त जानकारी www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

१०. **भर्ना हुने अवधि :** २०७५ साल मंसिर ०२ गतेदेखि २०७५ साल मंसिर ०७ गतेसम्म ।

११. **भर्नाका लागि पेश गर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु :** भर्ना हुनको लागि आवेदन साथ संलग्न सम्पूर्ण कागजात तथा प्रमाणपत्रहरु सक्कलै पेश गर्नुपर्नेछ । भर्नाको समयमा पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरु :

क) पासपोर्ट साइजको फोटो ३ (तीन)
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
ग) एस.एल.सी. को सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाण पत्र
घ) प्रमाणपत्र तहको सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक पत्र
ङ) प्रमाणपत्र तहको सक्कल मूल/स्थाई प्रमाणपत्र वा अस्थाई Provisional Certificate
च) स्नातक तहको सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक पत्र
छ) स्नातक तहको सक्कल मूल/स्थाई प्रमाणपत्र वा अस्थाई Provisional Certificate
ज) समानस्तर निर्धारण (Equivalent) को प्रमाण पत्र
झ) सम्वन्धित कोटामा भर्ना हुन पेश गरेको सम्वन्धित निकायको सक्कल सिफारिस पत्र
ञ) प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र

**पुनश्च :** भर्ना हुन आउँदा उपरोक्त सम्पूर्ण सक्कल कागजात सहित तोकिएको मिति र समय भित्र तोकिएको भर्ना दस्तुर डीन कार्यालयको आर्थिक प्रशासन शाखामा दाखिला गरि आवेदक वा अभिभावक स्वयं उपस्थित भई यस संकायको शैक्षिक प्रशासन शाखामा सम्पर्क राख्नु पर्नेछ । भर्नाको बेला आवेदनको समयमा पेश गरेको कागजात र साथ ल्याएको सक्कल प्रमाणपत्रहरुको रुजू गरिनेछ । कुनै कागजात अपुग वा बिवरण झुठा ठहरीए वा कुनै कागजात फर्जी ठहर भए त्यस्ता आवेदकको भर्ना प्रकृया रद्द गरिनेछ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय
**वन विज्ञान संकाय**
**डीनको कार्यालय**
हेटौंडा, मकवानपुर, नेपाल
फोनः ०५७-५२३२४८/५२४१५४/५२७३५४
फ्याक्सः ०५७-५२३२४८

च.नं.: /०७५/०७६

१२. अन्य विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रमाणपत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (A.F.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त समयमा Migration Certificate नबुझाई A.F.U. Registration गर्न समस्या भएमा सो को जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

१३. थेसिस रिसर्चको लागि आवश्यक पर्ने रकम विद्यार्थी स्वयंबाट व्यवस्था हुनु पर्नेछ ।

१४. भर्ना भएका विद्यार्थीहरुलाई छात्रावासको सुविधा उपलब्ध हुनेछैन ।

१५. अभिमुखीकरण कक्षा (Orientation Class) र कक्षा संचालन बारे विस्तृत जानकारी www.afu.edu.np बाट पछि प्राप्त गर्न सकिनेछ ।

१६. **शुल्क विवरण :**

| |
|---|
| ***Competitive subsidized student Fee (NRs):***<br>Admission Fee: 10000 (one-time payment)<br>Semester Fee: 5000/Semester<br>Tuition Fee: 1000/credit hr<br>Total fee with minimum required credit hours: **NRs.75000.00**<br><br>***Competitive full pay student Fee (NRs):***<br>Admission Fee: 20000 (one-time payment)<br>Semester Fee: 10000/Semester<br>Tuition Fee: 2000/credit hr<br>Total fee with minimum required credit hours: **NRs.150000.00**<br><br>***Ministry of Forest & Environment (Sponsored student) / Sponsored Nepalese student Fee (NRs):***<br>Admission Fee: 25000 (one-time payment)<br>Semester Fee: 10000/Semester<br>Tuition Fee: 5000/credit hr<br>Total fee with minimum required credit hours: **NRs.290000.00**<br><br>***Sponsored Foreign student Fee (US $):***<br>Admission Fee: 500 (one-time payment)<br>Semester Fee: 500/Semester<br>Tuition Fee: 100/credit hr<br>Total fee with minimum required credit hours: **US$7000.00** |
| **Registration Fee:** Rs.750.00 (one-time payment)<br>**Exam Fee:** Rs.1100/Semester |

☞ थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np/admission मा गई प्राप्त गर्न सकिनेछ ।

Balram

( प्रा.डा. बलराम भट्ट )
डीन

इमेल : deanforestry@afu.edu.np
वेब साईट : www.afu.edu.np